मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३१८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक ३ गते सोमवार (Monday, October 19. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## डेढ करोडको यार्सा बरामद

**झापा, कात्तिक २।** महाकाली-४ पुलघाटस्थित सडकबाट करिब १ करोड ५७ लाख ५९ हजार रुपैयाँ मूल्य बराबरको १७ किलो ५ सय १० ग्राम अवैध जडिबुटी यार्सागुम्बासहित हुम्ला नाम्खा गाउँपालिका-३ बस्ने ३५ वर्षीय दोकार लामालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट खटिएको प्रहरीले उनले बोकेको २ वटा झोलाभित्र प्लाष्टिकमा बेरेर टाँचा लगाई ५ वटा पोकामा लुकाई राखेको अवस्थामा उक्त यार्सागुम्बासहित उनलाई पक्राउ गरेको हो।

बरामद यार्सागुम्बा सहित उनलाई आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय दार्चुला पठाइएको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ।

# झापामा रात्रीकालिन निषेधाज्ञा

**झापा, कात्तिक २।** जिल्ला प्रशासन कार्यालय झापाले आइतबारबाट राति ८ बजेदेखि बिहान ५ बजेसम्म हिँडडुलमा प्रतिबन्ध लगाएको छ। जिल्लामा कोभिड -१९ को संक्रमण फैलिँदै गएको निष्कर्षसहित जिल्ला प्रशासन कार्यालय झापाले आइतबारदेखि कात्तिक १४ गते कोजाग्रत पूर्णिमासम्म बेलुका ८ बजेदेखि बिहान ५ बजेसम्म निषेधाज्ञा जारी गर्ने निर्णय गरेको हो।

जिल्ला कोभिड क्राइसिस् मेनेजमेन्ट सेन्टरको बैठकले बेलुका ८ बजेपछि सबै खाले सवारी साधन, पसल बन्द गर्ने निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाद्वारा हस्ताक्षर गरिएको सूचनामा अत्यावश्यक काममा बाहेक सो समयभित्र हिँडडुल नगर्न, सवारी साधन सञ्चालन नगर्न र पसल व्यवसाय नखोल्न आग्रह गरिएको छ।

दशैंलाई लक्षित गर्दै प्रशासनले अवैध मदिरा उत्पादन तथा विक्री वितरण नगर्न, मदिरा सेवन गरेर सवारी नचलाउन, पटाका तथा आतिसवाजी लगायतका वस्तुहरुको ओसारपसार नगर्न-नगराउन, धार्मिक, सामाजिक तथा साँस्कृतिक सद्भाव विथोल्ने किसिमका गतिबिधिहरु नगर्न, विभिन्न संघ संगठन तथा संस्थाहरुले गर्ने शुभकामना आदानप्रदान जस्ता मानिस जम्मा भएर गरिने कार्यक्रमहरु नगर्न, ध्वनि प्रदुषण हुने गरी ठूलो आवाजमा माइक नबजाउन पनि सूचित गरेको छ।

शक्तिपीठहरुमा नित्य पूजाबाहेक भेला भएर भीडभाड गर्न, मेला बजार लगाउन पनि रोक लगाइएको छ। जिल्लास्तरीय कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समितिको बैठकले सो सम्बन्धि निर्णय गरेको जनाइएको छ।

झापामा कोरोनाको संक्रमण बढ्दै गएको भन्दै भीडभाड नगर्न प्रशासन कार्यालयले आग्रह गरेको छ। संक्रमण रोग ऐन २०२० को दफा २ एवम् स्थानीय प्रशासन ऐन २०२८ को दफा



६(३) बमोजिम झापामा निषेधाज्ञा जारी गरिएको हो। साथै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, तथा स्वास्थ्य चौकीहरुमा आवश्यक अक्सिजनको व्यवस्था गर्न सम्बन्धित निकायलाई अनुरोध समेत गरिएको छ।

यसैबीच कोरोना संक्रमणलाई ध्यानमा राखी नेपाल प्रहरीले प्रविधिसहितको दशैं लक्षित सुरक्षा योजना ल्याएको छ। जनशक्ति कम र प्रविधिको बढी प्रयोग गरी यस वर्ष सुरक्षा चुस्त राख्ने तयारी प्रहरी प्रधान कार्यालयले गरेको हो। दशैं नजिकिँदै ड्रोन, डमी, सिसी क्यामेरालगायत प्रविधिजन्य उपकरणबाट सुरक्षा रणनीति तयार पारिएको नेपाल प्रहरीका प्रवक्ता कुबेर कडायतले जानकारी दिए।

यसबाहेक देशभरको सुरक्षा व्यवस्था चुस्त राख्न नेपाल प्रहरीले ४८ हजार ४ सय ३० प्रहरी परिचालन गर्ने जनाएको छ। कोरोना महामारीका कारण कतिपय प्रहरी कार्यालयमा जनशक्ति अभाव भएपछि केन्द्र र प्रदेशको प्रहरी परिचालन गरेर भए पनि सुरक्षा योजना व्यवस्थित पारिएको नेपाल प्रहरीले जनाएको छ।

सुरक्षा व्यवस्था बलियो राख्न प्रदेशअनुसार प्रहरी जनशक्ति तोकिएको छ। प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार रानीपोखरीबाट ७ हजार ५ सय ५० जना, प्रदेश १ को प्रहरी कार्यालयबाट ७ हजार ९ सय २२ जना प्रहरी परिचालन गर्ने जनाइएको छ।

## यात्रुलाई फेस सिल्ड अनिवार्य

**झापा, कात्तिक २।** सरकारले लामो तथा मध्यम दूरीमा यात्रा गर्दा फेस सिल्ड अनिवार्य लगाउन यात्रुलाई आग्रह गरेको छ।

कोरोना भाइरसको जोखिमसँगै दशैंमा ओहोरदोहोर गर्नेको संख्या पनि बढ्ने भएकाले फेस सिल्ड अनिवार्य लगाउन यातायात व्यवस्था विभागले आग्रह गरेको हो।

विभागका सूचना अधिकारी डाक्टर लोकनाथ भुसालले लामो तथा मध्यम दूरीमा यात्रा गर्दा यात्रु आफैंले फेस सिल्डको व्यवस्था गर्नुपर्ने निर्णय भएको जानकारी दिए। यस्तै सार्वजनिक बसमा दुवै सिटमा यात्रु राख्न पाउने निर्णय भएसँगै पहिलेकै भाडादर लागू हुने उनले स्पष्ट पारे।

दुवै सिटमा यात्रु राख्न पाइने भएकाले पुरानै भाडादर लागू गरिएको विभागका

*(बाँकी अन्तिम पृष्ठमा)*

## असईको हत्या, जवान बेपत्ता

**झापा, कात्तिक २।** नेपाल भारतको दशगजा क्षेत्रमा जघन्य अपराधका घटना बढेका छन्। सीमा क्षेत्रमा शनिबार राति ड्युटीमा खटिएका बेला उक्त क्षेत्रमा कार्यरत् प्रहरी सहायक निरीक्षक (असई)को घाँटी रेटेर हत्या भएको छ। कैलालीको धनगढी उप-महानगरपालिका-

*(बाँकी अन्तिम पृष्ठमा)*





## पत्रकारलाई युनियनद्वारा प्रेस ज्याकेट वितरण



**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, कात्तिक २।** नेपाल प्रेस युनियन झापामा आबद्ध पत्रकारहरुलाई आइतवार एक कार्यक्रमका बीच प्रेस ज्याकेट वितरण गरिएको छ।

जीपी कोइराला फाउण्डेशन झापा र प्रेस युनियन झापाको सहकार्यमा नेपाल प्रेस युनियन झापामा आबद्ध पत्रकारहरुलाई प्रेस ज्याकेट वितरण गरिएको हो।

जुनसुकै अवस्थामा पत्रकारहरुलाई कार्यक्षेत्रमा खटिँदा सुरक्षित र सहज होस् भन्ने उद्देश्यले प्रेस ज्याकेट वितरण गरिएको नेपाल प्रेस युनियन झापाका अध्यक्ष इन्दु पूर्वेलीले बताइन्।

जयन्द्रप्रसाद प्रसाई साहित्य

*(बाँकी अन्तिम पृष्ठमा)*









## जन्मदिनको केक खाँदा .....

**झापा, कात्तिक २।** जन्मदिन मनाउने क्रममा केक खाँदा तनहूँको व्यास नगरपालिका-१२ छिर्कनेमा १२ जना बिरामी परेका छन्। स्थानीयवासी ११ वर्षीय प्रज्ज्वल गैह्रेका जन्मदिनमा शनिबार राति केक खाएका एकै घरपरिवारका सदस्य बिरामी भएका हुन्।

बिरामी पर्नेमा प्रज्ज्वलका बुबा ३२ वर्षीय राजन, आमा ३० वर्षीया सलिना विक, ६५ वर्षीया बिगमाया विक, २३ वर्षीया पूजा विक, २८ वर्षीय सुनिल विक, २० वर्षीया जोशना विक, २८ वर्षीया सीता विक, ३७ वर्षीय रामकृष्ण विक, ९ वर्षीय समिर विक, १२ वर्षीय अमिर विक र ३५ वर्षीया जुना विक रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

केक खाएपछि झाडा पखाला र बान्तासँगै टाउको दुखेपछि सबैलाई दमौली अस्पताल भर्ना गरिएको छ। उनीहरुको हाल अस्पतालमा नै उपचार भइरहेको प्रहरीले जनाएको छ। केक विषाक्त भएको र सबैको अवस्था अहिले सामान्य रहेको दमौली अस्पतालले जनाएको छ।

## आमाद्वारा आफ्नै तीन सन्तानको विभत्स हत्या

**झापा, कात्तिक २।** आफ्नै आमाले सन्तानको हत्या गर्छिन् भनेर कसैले कल्पना समेत गरेको हुँदैन। तर कल्पनासमेत गर्न नसकिने गरी एक आमाले आफ्नै तीन सन्तानको विभत्स हत्या गरेकी छन्।

अष्ट्रियामा एक नेपाली महिलाले आफ्नै तीन सन्तानको हत्या गरे पछि विदेशमा बस्ने नेपाली समुदाय स्तव्ध बनेको छ। अष्ट्रियाबाट प्रकाशन हुने क्रोने अनलाइनले ३१ वर्षीया एक नेपाली महिलाले आफ्नै अपार्टमेन्टमा तीन बच्चाहरुको हत्या गरेको समाचार सार्वजनिक गरे पछि विश्वभर सनसनि फैलिएको हो।

गैरआवासीय नेपाली संघ अष्ट्रियाको उच्चस्रोतका अनुसार हत्याको अभियोग लागेकी बुटवल घर भएकी ३१ वर्षीया चन्द्रा भट्टराई अर्याल हुन्। स्रोतका अनुसार अर्याल दम्पतीमा लामो समयदेखि पारिवारिक समस्या थियो। उनीहरुको परिवार गुल्मीबाट बुटवल सरेको थियो।

उनीहरुको बीचको झगडाको बारेमा स्थानीय प्रहरीसमेत जानकार रहेको बताइएको छ। प्रहरीले उनका श्रीमानलाई १५ किलोमिटरको

*(बाँकी अन्तिम पृष्ठमा)*



## असई

१० जुगेडाको सीमा क्षेत्रमा असईको हत्या भएको हो । जुगेडास्थित अस्थायी प्रहरी चौकीका इञ्चार्जसमेत रहेका प्रहरी सहायक निरीक्षक गोविन्द बिकको हत्या गरिएको प्रहरीले जनाएको छ । उनीसँगै गस्तीमा गएका प्रहरी जवान रामबहादुर साउद भने फेला परेका छैनन् ।

मृतक विकको घाँटीमा धारिलो हतियारको चोट देखिएकाले तस्करहरुले घाँटी रेटेर हत्या गरेको प्रहरीले आशंका गरेको छ । विकसँग रहेको हतियार (पेस्तोल) अझै फेला परेको छैन ।

मृतक विकको घर कञ्चनपुरको पुनर्वास नगरपालिका हो । बेपत्ता साउदको घर अछामको बान्निगढी गाउँपालिका रहेको प्रहरीले जनाएको छ । बेपत्ता भएकामध्ये असई विकको शव आइतबार बिहान सीमा नाकास्थित मोहना नदीमा फेला परेको थियो । विकको हत्या प्रकरणमा प्रहरीले ११ जनालाई छानबिनको लागि पक्राउ गरेको छ ।

तीन हप्ताअघि त्यही स्थान नजिकै धनगढी उपमहानगरपालिका-१० जुगेडाको बिओपीमा कार्यरत सशस्त्र प्रहरी जवान मृत फेला परेका थिए । सुर्खेत घर भएका २२ वर्षीय प्रहरी जवान कुमार तारु मगर मृत फेला परेका थिए ।

## आमाद्वारा...

दूरीभन्दा नजिक आउन नपाउने गरी प्रतिवन्ध लगाएको थियो ।

उनकी छोरीहरु गैरआवासीय नेपाली संघ लगायतका सामाजिक संघ संस्थाहरुको सांस्कृतिक कार्यक्रममा समेत सकृय सहभागी हुँदै आएका थिए । स्रोतका अनुसार केही समय अघिमात्र उनले आफ्नो परिवारभित्र समस्या रहेको भन्दै केही सामाजिक संघसंस्थाका अगुवाहरुसँग सहयोगको लागि याचना गरेकी थिइन् ।

शनिबार विहान भएको घटनाबारे प्रहरीलाई सम्पर्क गर्दा ती महिला नेपाली भएको बताएको अष्ट्रियाका लागि नेपाली राजदूत प्रकाशकुमार सुवेदीले पुष्टि गरेका छन् । दूतावासका अनुसार प्रहरी निरन्तर दूतावासको सम्पर्कमा रहेर अनुसन्धान अघि बढाएको छ ।

ती महिलाले दुई छोरी र एक छोराको चक्कु प्रहार गरेर हत्या गरे पछि आत्महत्याको प्रयास गरेकी थिइन् । प्रहरीका अनुसार मृतक मध्ये ८ महिनाको छोरा र नौ र तीन वर्षीया दुई छोरीहरु रहेका छन् । प्रहरीले अर्याललाई अनुसन्धानको लागि हिरासतमा लिएको छ ।

## पत्रकारलाई....

सेवाकोषको सभाहलमा आयोजित दशैंको शुभकामना आदान-प्रदान तथा प्रेस ज्याकेट वितरण कार्यक्रमका बीच प्रेस ज्याकेट पत्रकारहरुलाई वितरण गरिएको हो । नेपाल प्रेस युनियन झापाकी अध्यक्ष पूर्वेलीको अध्यक्षता र नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य गोविन्दचन्द क्षेत्रीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि क्षेत्रीले कोरोना भाइरसका कारण समाचार संकलन, सम्प्रेषण गर्न कठिन भइरहेको अवस्थामा पत्रकारको पहिचान खुल्ने प्रेस ज्याकेटले पत्रकारहरुलाई कार्यक्षेत्रमा खटिन सहज हुने बताए ।

कार्यक्रममा नेपाल प्रेस युनियनका पूर्व केन्द्रीय सदस्यद्वय लोकराज ढकाल र कृष्ण हुमागाईले कोरोना भाइरसका कारण सञ्चार क्षेत्र नराम्ररी प्रभावित भएको बताए । उनीहरुले सञ्चारमाध्यमहरु अहिले चरम आर्थिक संकटबाट गुज्रिरहेको बताउँदै सञ्चारकर्मी पनि यसको मारमा परेको जनाए ।

जी.पी. कोइराला फाउण्डेशन झापाका सचिव महेन्द्र भट्टराईले संस्थाको कार्यक्रम अनुसार नेपाल प्रेस युनियन झापामा आबद्ध पत्रकारहरुलाई प्रेस ज्याकेट प्रदान गरेको बताए ।

कार्यक्रमको सञ्चालन युनियनका केन्द्रीय पार्षद रञ्जित परियारले गरेका थिए ।

## यात्रुलाई ...

सूचना अधिकारी भुसालले बताए ।

यसअघि जे-जस्तो भए पनि अबदेखि पुरानै भाडा लागू हुने र कोही कसैले बढी भाडा लिए कानूनअनुसार कारबाही हुने उनले बताए । बढी भाडा लिए यात्रुले ट्राफिक प्रहरीको पैसा नलाग्ने १०३ नम्बरमा सम्पर्क गर्न सक्नेछन् । ट्राफिक प्रहरीसँग समन्वय गरेर बढी भाडा लिने, यात्रुलाई ठग्नेलाई कारबाही हुने विभागले जनाएको छ ।

यसैबीच झापामा सरकारले तोके अनुसारको मापदण्ड पालना भए नभएको अनुगमन थालिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । सवारी पूर्णरुपमा सञ्चालनमा आएपनि यात्रुको भने अभाव रहेको सवारी चालकहरुले बताएका छन् ।


### कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिकको लागि बिर्तामोड एरियाभित्र केही दैनिक पत्रिका वितरण गर्ने कर्मचारी आवश्यक भएकोले स्थानीयबासी तथा आफ्नै साइकल भएका महानुभावले सम्पर्क गर्नुहोला ।

तलब : आपसी समझदारीमा
समय : बिहान ५:३० बजेदेखि ७:०० बजेसम्म
सम्पर्क : ९८०७९१०२२२, ९८४२६९६११२


### बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

मिति :- २०७७।०६।३०

**बिर्तामोड नगरपालिकाभित्र गरिने कोभिड-१९ रोकथाम नियन्त्रण तथा उपचार समेतलाई मध्यनजर गर्दै बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको असोज ३० गते बसेको बैठकले गरेको निर्णयहरु :**

१) बिर्तामोड नगरपालिका र नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवा २०७७ साल कार्तिक २ गतेदेखि कार्तिक ६ गतेसम्म बन्द गरिएको छ ।

२) बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले प्रदान गर्ने नगद लिने तथा दिने सेवा बाहेकका अन्य सेवा बन्द गर्ने । बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले प्रदान गर्ने सेवालाई सुरक्षित र व्यवस्थित गरी स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी प्रदान गर्ने व्यवस्था गर्ने ।

३) अत्यावश्यक सेवा बाहेक बिद्युत् महसुल, खानेपानी महसुल, टेलिफोन महसुल लगायतका सेवा समेत बन्द गर्ने ।

४) दशैं लगायतका चाडपर्व मनाउने क्रममा भीडभाड हुन सक्ने भएकोले भीडभाड नहुने गरी आ–आफ्नो परिवारभित्रमा नै मनाउन र चाडपर्वमा भेला, महोत्सव, जात्रा, हाटबजार, सांस्कृतिक कार्यक्रम जस्ता भीडभाड हुने कार्य नगर्ने/नगराउने ।

५) विजयादशमीको अवसरमा नगरपालिका क्षेत्रभित्र रहेका मठमन्दिर, पीठमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, मेला, जात्रामा हुने आम भेला र सहभागितालाई कम गर्ने, गर्नैपर्ने पूजा विधि न्यून भक्तजनको उपस्थितिमा मात्र गर्ने तथा सबै प्रकारका मेला, जात्रा तथा पर्वका कार्यक्रमहरु नगर्ने ।

६) विजयादशमीको अवसरमा टीका लगाउने, आशिर्वाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघरभित्र सीमित राख्ने । टीका ग्रहण गर्दा जेष्ठ नागरिक, विरामी र बालबालिकाहरुलाई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्न सम्बन्धित परिवारलाई विशेष ध्यान पुऱ्याउन आग्रह गर्ने ।

७) नगरबासीलाई बजारमा हुन सक्ने भिडभाडलाई व्यवस्थित गर्दै सबै व्यवसायी/व्यापारी तथा नागरिकले नेपाल सरकारद्वारा तोकिएको यातायात तथा स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्न अनुरोध गर्ने ।

८) नगरपालिका क्षेत्रभित्र हुने सबै प्रकारका तालिम गोष्ठी, सम्मेलन आदि कार्यहरु हाललाई स्थगन गर्नुका साथै राजनीतिक दल, संघ–संस्थाहरुले गर्ने बैठक भेला र शुभकामना आदानप्रदान जस्ता कार्यक्रम नगर्न अनुरोध गर्ने ।

**ध्रुबकुमार शिवाकोटी : नगर प्रमुख**


### आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

सम्पर्क : ९८५११४४९४९

### बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक वर्ग, कर्मचारी तथा शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*यहाँ सेवारो सार्क र अन्य प्लाई उत्पादन तथा वाटर प्रुफ कमर्सियर र फिल्मफेस गुणस्तरका प्लाई बनिन्छ ।*

प्रेमप्रकाश कुरुम्बाङ : कार्यकारी निर्देशक
एवम् पाथीभरा भेनियर एण्ड प्लाईउड उद्योग
बिर्तामोड–२, झापा (९८०११०९३०१)
ट्रेडिङ हाउस पाथीभरा प्लाई हाउस पोखरा (९८०११०९३०५)
पाथीभरा प्लाई ट्रेडिङ सतुङगल काठमाडौं (९८०१४०२८९७)

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा समस्त वडाबासी, शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मणिचन्द्र चेम्जोङ
सभापति एवम् आमन्त्रित जिल्ला सदस्य
नेपाली कांग्रेस फाल्गुनन्द गाउँपालिका वडा नं. ५
पाँचथर

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, कर्मचारी तथा शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पदम बोहोरा : शाखा प्रबन्धक
एवम् एनसीसी बैंक परिवार
फिदिम शाखा

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा समस्त गाउँपालिका बासी, शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देवित्राकुमारी आङदेम्बे — उपाध्यक्ष
वीरबहादुर कुरुम्वाङ — अध्यक्ष
निर्मल तेम्रोक : प्रमुख प्रशासकीय अधिकृत
एवम् फाल्गुनन्द गाउँपालिकाको कार्यालय
फाक्तेप, पाँचथर

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा फाक्तेप युथ क्लब सदस्यहरु, शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीनकुमार चेम्जोङ : सचिव
पञ्चकुमार चेम्वोङ : अध्यक्ष
एवम् फाक्तेप युथ क्लब (पीवाइसी) परिवार
फाल्गुनन्द–५, पाँचथर

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा समस्त गाउँपालिकावासी, शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उर्मिला राई — उपाध्यक्ष
अमरराज माखिम — अध्यक्ष
अनिल तिम्त्री : प्रमुख प्रशासकीय अधिकृत
एवम् मिक्लाजुङ गाउँपालिकाको कार्यालय
रवि, पाँचथर

### शुभ दशैं

पाँचथरको समग्र सामाजिक रुपान्तरण, आर्थिक विकासमा सहायता गर्दै दैवी प्रकोप, निम्न आर्थिक अवस्था भएका बिरामी र विपन्न परिवारलाई सहयेग गर्ने उद्धेश्यसहित विश्वमा छरिएर रहेका पाँचथरे युवाहरुको समूह पाँचथर युवा सञ्जालको तर्फबाट नेपालीहरुको महान चाड वडादशैं, शुभदीपावली तथा छठ पर्व २०७७ को उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको कामना गर्दछौं ।

पाँचथर युवा सञ्जाल परिवार

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मुनिन्द्र नेम्वाङ : अध्यक्ष
एवम् अमर नेम्वाङ ट्रष्ट परिवार
पाँचथर

### GREEN FIELD WORLD SCHOOL

Birtamode-1, Jhapa, Nepal



Admission Open
From
Nursery to Grade IX

Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्दहाङ्ग नेम्वाङ : प्रोपाइटर
एवम् राँके होटल परिवार
नयाँ बसपार्क बिर्तामोड झापा

### शुभ दशैं

बडादशैं, शुभ दीपावली एवम् छठ पर्व २०७७ को पावन अवसरमा समस्त वडावासी, शुभचिन्तक लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुखशान्ति, सुस्वास्थ्य एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टिकाध्वज नेम्वाङ — सचिव
अविन्द्रप्रसाद चम्जोङ्ग — अध्यक्ष
एवम् फाल्गुनन्द-५ वडा कार्यालय परिवार
फाक्तेप, पाँचथर


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### बढ्दो संक्रमण र आवश्यकता

**झापा जिल्लामा कोरोना संक्रमितहरुको संख्या दिनहुँ बढ्न थालेको छ । त्यसमा पनि झापाकै आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक केन्द्र झैं बनिएको बिर्तामोडले 'हट स्पट' को परिचय पाउन थालेको छ । झापामा शनिबार थपिएका संक्रमित आजसम्मकै बढी थिए भने सर्वाधिक संक्रमित बिर्तामोडकै थिए । यसले हाम्रो आनी–बानी व्यवहार कतातिर लाग्दैछ भन्ने देखाएको छ । सरकारले बन्दाबन्दी अन्त्य गरेसँगै आम मानिसलाई कोरोना भय नबनेर उत्सव भएको अनुभूति गराउने हाटबजारमा देखिने उपस्थितिले पुष्टि गरेको छ । स्वास्थ्य सुरक्षाको मापदण्ड अरुका लागि मात्र अनुशरण गरिएको हाटबजार, सडक तथा खुल्ला भएका पसलहरुमा हुन थालेको भिडभाडले संकेत गर्दैछ । प्रारम्भमा 'सुरक्षित क्षेत्र' मानिएको बिर्तामोड यथार्थमा पीसीआर परीक्षण नगराइएकै परिणाम रहेछ भन्ने आजको परिणामले सिद्ध गरिसकेको छ ।**

**स्वास्थ्य सेवा लिन पाउने नागरिकको मौलिक अधिकार हो । तर, अहिले नेपाली त्यो अधिकारबाट पनि वञ्चित हुन थालेका छन् । सरकारले संक्रमण विस्तार भइरहेको अवस्थामा पनि स्वास्थ्य सेवाका लागि पूर्वाधार थप्न, स्तरोन्नति गर्न, अत्यावश्यक स्वास्थ्य उपकरण उपलब्ध गराउन सकेको छैन । कोभिड विशेष भनिएका अस्पतालहरुमा पनि शय्या, भेन्टिलेटर, आइसीयु होइन अक्सिजनकै अभाव भइरहेको छ । देशको राजनधानीमै रहेको यस्तो समस्यामा पनि सरकार मुकदर्शक भएको छ । संक्रमितलाई घरमै एकान्त बास बस्न निर्देशन दिएको सरकार गम्भीर अवस्थामा पुग्दा समेत शय्यामा पुऱ्याउन सकिरहेको छैन । त्यसकै परिणाम हो कि राजधानी कै संक्रमितहरु अस्पताल पुग्नै नभ्याई मृत्युवरण गर्दैछन् ।**

**स्वास्थ्य क्षेत्रका विज्ञहरुले शिक्षण अस्पतालहरुलाई कोभिड अस्पतालको रुपमा सञ्चालन गर्न सुझाव दिएका छन् । तर, सरकार सत्ताको जोड–घटाउबाट बाहिर आउनै खोज्दैन । यस्तो विषम् परिस्थितिमा झापाको बिर्तामोडमा राजधानीकै लक्षण देखिँदैछ । स्थानीय तथा प्रदेश सरकारले नै तत्कालको परिस्थितिको मूल्यांकन गरी विशेष र सुविधासम्पन्न अस्पताल सञ्चालन गर्न पहल गर्नु पर्दछ । जिल्लामा भएका सामुदायिक भवनहरु मै भए पनि सघन उपचार कक्षदेखि अक्सिजन, दक्ष जनशक्तिसहितको सेवा विस्तार गर्न स्थानीय निजी अस्पतालहरुसँग समन्वय गर्नुपर्छ । राज्यले इच्छा र अग्रसरता देखाए कम्तिमा पचास शय्याको कोभिड विशेष अस्पतालमार्फत् उपचार र परीक्षण वृद्धि गरी कोरोना नियन्त्रणमा लाग्नु पर्छ । यसतर्फ जिल्लाका मुख्य तथा विपक्षी राजनीतिक दलहरुको समेत ध्यानाकर्षण हुनुपर्दछ । त्यसो नभए बिर्तामोडले नसोचेको क्षति व्यहोर्ने अनुमान गर्न गाह्रो छैन ।**

# कोरोना कहर : खल्लो दशैं



तीर्थराज खरेल

गत वर्षको डिसेम्बरमा विश्वको सबैभन्दा बढी जनसंख्या रहेको चीनको एक प्रान्त हुबेईको वुहान शहरबाट कोरोना भाइरस (कोभिड-१९) शुरु भएकोमा अहिले यो विश्वव्यापी महामारीको रुपमा भुसको आगो झैं फैलिरहेको छ। गरीब, विकासोन्मुख मुलुकदेखि अमेरिका, बेलायत, रुस जस्ता शक्ति सम्पन्न मुलुकहरु पनि यसको चपेटाबाट अलग रहन सकेनन् मात्र होइन, सबैभन्दा बढी आक्रान्त हुन पुगे। नेपाल पनि कोभिड-१९ को दुश्चक्रमा रुमल्लिरहेको छ। यस्तो कठिन र प्रतिकूल अवस्थामा नेपालीहरुको महान चाड दशैं आइपुगेको छ।

तर, यस पटकको बडादशैंको माहोल त्यति सुखद् र प्रियकर छैन। दशैंको अर्थ राजनीतिक अर्थ बेग्लै होला। तर, मूल कुरा यसको सामाजिक र सांस्कृतिक महत्व नै बढी छ। पितृसत्ताको साँघुरो मानसिकताले निर्माण गरेका अनेकन अप्ठेराका बीच पनि महिलाहरुको सम्मान स्वरुप दुर्गामाताको पूजा आराधना गरिने र देवीको स्तुतिगान गरिने चाडको रुपमा दशैं उपस्थित छ हाम्रासामु। दशैं पर्वले नेपालीहरूलाई आफ्नो दुःख-सुख साट्न र रिसइबी छोडेर एक आपसमा आत्मीयता बढाउन अभिप्रेरित गर्दछ। घृणाभाव त्यागेर सद्भावना बढाउन यो स्वर्ण अवसर हो, दशैंले एकता र मिलापका लागि उपयुक्त अवसर प्रदान गर्छ। नेपालमा रहेका हुन् वा नेपाल बाहिर रहेका हुन्, सबै नेपालीले आफ्नो पहिचान तथा नेपाली बन्धुत्वभावलाई कायम राखेर नेपाल राष्ट्र एवम् नेपाली राष्ट्रियताप्रति समर्पण र प्रतिबद्ध हुन दशैंले सार्थक प्रेरणा दिन्छ। विजयादशमीको रुपमा पनि परिचित यो पर्वले नछुने थोरै नेपालीहरु छन्।

उत्साह, उमँग र हर्षका साथ विविध रमाइला क्रियाकलापसहित मनाइने यो पर्व राष्ट्रिय एकताको पर्व भएको छ। युगीन आलोकमा चिन्तनको महापर्व हो यो। सामाजिक भोगाइको वर्तमान सन्दर्भमा यो पर्व धनीमानी र हुनेखानेको लागि मात्र हो कि भन्ने तीतो परिवेश छ। महँगीले आकाश चुलिएको समय हो यो। सामान्य नागरिकको आम्दानी र बजार भाउबीचको तालमेलमा गडबडी छ। असहज परिस्थितिमा सीमित खर्चले दशैं मान्नुपर्नेछ नेपालका बहुमत परिवारका लागि। दशैं मान्दाको पीडा वर्णन गरी साध्य छैन। वैदेशिक रोजगारमा रहेका हजारौं युवायुवतीहरु वेरोजगारीको मारले थिल्थिलिएका छन् र रोजगार छोडेर आफ्नो घरपरिवारसँग जोडिन आइपुगेका छन्। तसर्थ, आज आम नेपालीको क्रयशक्ति घटेको छ। यो बुझिदिने को छ ?

हुन त यो चाडलाई हिन्दूहरुको चाड मानिन्छ, तर वास्तवमा यसमा राम र रावण, देवी र दानवको मात्र कथा जोडिएको छैन, यसमा त नेपालको विशिष्ट अन्तरजातीय र बहुधार्मिक यथार्थ पनि प्रतिबिम्बन भएको पाइन्छ। जातीय विविधताकाबीच साँचो अर्थमा राष्ट्रिय पहिचानको सुन्दर झण्डा बोकेर उभिएको छ हाम्रोसामु यो दशैं। नेपाली जनताको बलियो एकताको सन्देश दिन बडादशैं सफल भएको छ। तर, सधैंको दशैं झैं यसपटक दशैंको खुशीयाली छैन। १५ दिनसम्म मनाइने यो पर्व सबै नेपालीको साझा पर्व हो। यसको सामाजिक र सांस्कृतिक महत्व पनि छ। यो पर्व मनाउन देश-विदेशबाट आफ्ना अभिभावक र घरपरिवारसँग भेटघाटका लागि घर फिर्ने क्रम बढेको छ।



शक्तिको मूल स्रोत, दयाको मूल स्रोत, क्षमा र करुणाको मूल स्रोत मातृशक्तिको आराधना गरिने यो पर्व आसुरी शक्तिको नाश गर्दै सद्विचार र सत्कर्ममा जोड दिन मनाइन्छ। आसुरी शक्ति भनेको कुनै क्षेत्र, रंग, रुप, छाला, जात, धर्म र राजनीति दर्शनको भेद होइन, यो त प्रवृत्ति हो। बहुसांस्कृतिक, बहुधार्मिक, बहुभाषिक, बहुजातीय हाम्रो मुलुक विविधताका बीच एकताको मूलमन्त्रलाई आत्मसात गर्छ। विविधताका पाटाहरुलाई संयोजन गर्दै सांस्कृतिक घुलनशीलताको अनुपम उदाहरणको रुपमा देखा परेको छ दशैं नेपालमा। यो हिमाल, पहाड र तराई-मधेश सबै क्षेत्रमा बसोबास गर्ने नेपालीबीचको एकतालाई बलियो बनाउने चाडको रुपमा विकास भइरहेको छ।

तर, यस सालको दशैंको अर्थशास्त्र बेग्लै छ, यस पटकको दशैंको सन्देश फरक छ। यस पटकको दशैंको समाजशास्त्रीय ब्याख्या फरक छ। हुन त जीवन दुःख र सुखको संगम हो। आखिर जीवन भनेको दुःखै-दुःख मात्र पनि होइन। मुटुभरि सयौं विषादका चोटहरु बोकेर पनि, विभेदीकरण, अन्याय, अत्याचार र शोषणका कहालीलाग्दा कहर सहेर पनि, आँखामा सदैव आँशु साँचेर बाँच्न बाध्य भएर चाड मनाउनुपर्ने बाध्यतामा छन् नेपाली। सांस्कृतिक चाडको रुपमा रहेको यो पर्व समस्त नेपालीका लागि यो पर्व विजयको प्रतिक हो र यो बिम्ब हो।

नेपालीहरुको एउटा अचम्मको गुण छ-जस्तासुकै दुःखकष्टका बेला पनि नेपालीहरु दुःखलाई बिर्सेर खुशीयालीको माहौलमा सरिक भएर मनका पीडाहरुलाई निकास दिन सक्छन् र भोलिको सुनौलो सपना आँखामा सजाएर आशा बोकेर बाँच्न सक्छन्। हामीभित्रका आसुरी शक्तिलाई चिनेर मिल्काउन सके यो पर्वको सार्थकता रहन्छ व्यक्तिगत रुपमा र मुलुकका लागि पनि। अहंकार, असहिष्णुता र अशिष्टता असुरत्व हुन्। अहिले बाहिरको शत्रु कोभिड-१९ को रुपमा महिषासुर बनेर उभिएको छ, तर मूल शत्रु हामीभित्रै छन्। हामीभित्रका शत्रुलाई चिन्न सके, हाम्रा मनभित्र गुजुल्टिएर बस्दै अलि-अलि गर्दै खाइरहने रिसराग, द्वेष, अहंकार र वैरभावलाई हटाउन सके कति राम्रो हुन्थ्यो होला। नेपाल हाल हत्या, बलात्कार, हिंसा, अभाव, महंगी, असुरक्षा, अविश्वासको बाहुल्यका बीचमा छ। राजनीतिक गतिविधिको चरित्र परपीडक छ, स्वार्थकेन्द्रित छ र अहंकारले भरिएको छ। सरकारले अघि सार्ने अपेक्षा गरिएका जनपक्षीय कामहरुले जनताको दैनन्दिन जीवनलाई छुन सकेका छैनन्।

कोभिड-१९ को महामारीका बीच भ्रष्टाचार, जनतामाथिको बेइमानी, अपराधलाई सामान्यीकरण, सत्तालिप्सा, राज्य दोहन हुँदै नैतिक पतनका श्रृंखलाबाट अघि बढ्दै जाँदा जनतामा निराशाको बढोत्तरी भएको छ। पद र व्यक्तिगत स्वार्थले वशिभूत भएर आस्थाका धरोहर ढल्दै गएका छन्। सत्तापक्ष कुर्सीका लागि दुई तिहाइ बराबरको मतादेशको वर्खिलापमा स्वार्थको द्वन्द्वमा छ भने प्रमुख प्रतिपक्ष गरुडको छायाँमा परेको लाचार सर्पजस्तो छ। यस्तो बेलामा नेपाल शान्त, एकताबद्ध र समृद्ध बन्ने बाटोमा अघि बढ्न यो बडादशैंले नेपालीका मनमा सुनौलो क्षितिज उघार्न आम जनतालाई पिरोल्ने स्थितिबाट मुक्ति पाउनसके कति राम्रो हुन्थ्यो होला।

यसपटकको दशैं खल्लो भए पनि जीवन रहे आउँदा दशैं र अन्य आफ्ना धर्मसंस्कृतिले दिएका चाडपर्व मनाउन पाइने नै छ। दशैंको माहोलमा कोरोना महामारीलाई बिर्सनै हुँदैन। विश्वलाई आक्रान्त पारेको कोभिड-१९ को श्रृंखला नेपालमा यो दशैंको बेलामा बढ्ने देखिएको छ। मानिसहरुको बढी आवत-जावत हुने भएकाले जोखिम बढ्ने निश्चित छ। तसर्थ, दशैं र दशैंपछिका तिहार, नेपाल सम्वत्, म्हः पूजा, छठ पूजा लगायतका चाडवाडहरु सजग, सतर्क र प्रतिकात्मक रुपमा मात्र मनाउनु श्रेयस्कर हुन्छ।

*tirthakharel2028@gmail.com*

## एनसेलको 'गो सिम'मा सुविधा

**झापा, कात्तिक २।** एनसेल आजियाटा लिमिटेडले महिलाहरुका लागि 'अघि बढौं' भन्ने थिममा आकर्षक सुविधाहरुका साथ 'गो सिम' ल्याएको छ ।

आकर्षक बन्डल सेवाहरु, हरेक रिचार्जमा बोनस, आपतकालीन अवस्थाका बेलापछि शुल्क तिर्ने गरी टक टाइम र एमएमएस सेवा लिन पाइने, निश्चित नम्बरहरुमा निःशुल्क कल सेवा लगायत थुप्रै सुविधाहरु भएको यो सिम महिलाहरुका लागि मात्र ल्याइएको हो ।

उक्त सिम ग्राहकले कात्तिक १ गतेदेखि नजिकैको एनसेल सेन्टरहरु वा देशभरी रहेका एनसेलका आधिकारिक खुद्रा बिक्रेताहरुबाट सजिलै मात्र रु. ९९ माखरिद गर्न सक्ने छन् । गो सिमको खरिदसँगै ग्राहकले रु. २० मेनब्यालेन्स, सात दिनको समयसीमा रहेको २०० एमबी डेटा, २० मिनेट अन नेट टक टाइम र २० वटा एसएमएस प्राप्त गर्दछन् ।

यसका साथै ग्राहकले गो सिम मार्फत दामी म्युजीक तथा हंगामा म्युजिक प्रो ३० दिनसम्मका लागि निःशुल्क सुचारु गर्न सक्छन् । ग्राहकले यो सिम सुचारु भएको अर्को दिनको मध्य रातिसम्ममा गरेको पहिलो रु. एक सय वा सो भन्दा बढिको रिचार्जमा एक सय मिनेट अन नेट टक टाइम र एक सय एमबी डेटा बोनस स्वरुप प्राप्त गर्दछन् । प्राप्त बोनस सात दिनको लागि मान्य रहनेछ ।

'महिलाहरुका लागि विशेषरुपमा डिजाइन गरिएको यस प्रकारको पहिलो महिला केन्द्रित प्याक शुरु गर्न पाएकोमा हामी धेरै खुशी छौं । यसको विषेशताहरुमा बन्डल सेवादेखि लिएर आपतकालीन अवस्थाका लागि सञ्चार सेवा, सुरक्षाको लागि एसएमएस सेवा र महिलाका क्षेत्रमा काम गर्ने संस्थाहरुमा निःशुल्क कल सेवा जस्ता थुप्रै सुविधाहरु रहेका छन् । यो प्याक ल्याउनुका प्रमुख कारणहरुमध्ये महिला सुरक्षा एक हो । यसले महिला वर्गलाई दूरसञ्चार सेवा सुनिश्चित गर्ने मात्र नभई यसमा उपलब्ध सेवा, सुविधा तथा सुरक्षाको हिसाबले समेटिएको विषेशताले महिला सशक्तिकरणमा सहयोग पुऱ्याउने विश्वास हामीले लिएका छौं ।' -एनसेल आजियाटा लिमिटेडका चिफ कमर्सियल अफिसर प्रदीप श्रीवास्तवले भने ।

Ncell an axiata company

महिलाहरुलाई दूरसञ्चार सेवाको पहुँच सुनिश्चित गर्दै यसको लाभ प्रदान गर्ने उद्देश्य अनुरुप ल्याइएको गो सिम अन्तर्गत ग्राहकले सिम खरिद गरेको दिनदेखि १२ महिनासम्म हरेक रिचार्जमा १० प्रतिशत बोनस प्राप्त गर्ने बताइएको छ । प्राप्त बोनस सात दिनको लागि मान्य रहनेछ र ग्राहकले यसबाट अन नेट कल गर्न, डेटा चलाउन तथा एसएमएस पठाउन प्रयोग गर्न सक्ने बताइएको छ ।

यसका साथै यो सिम लिने ग्राहकका लागि आपलकालीन सञ्चार सेवाका लागि विशेष सुविधा रहेको बताइएको छ । यस अन्तर्गत ग्राहकले आफ्नो मेन ब्यालेन्स रु. पाँचभन्दा कम भएको अवस्थामा लाग्ने शुल्कपछि तिर्ने गरी १० मिनेट अन नेट टक टाइम तथा १० वटा एसएमएस आपतकालीन सञ्चार सेवाका रुपमा सजिलै लिन सक्ने बताइएको छ । ग्राहकले आफ्नो सिम रिचार्ज गरेपछि यस सेवावापतको करसहित रु. १० मेन ब्यालेन्सबाट काटिने बताइएको छ ।

त्यसैगरी यो सिममा महिलाहरुको सुरक्षाका लागि निःशुल्क उपलब्ध हुने अर्को विशेष सुविधा पनि रहेको जानकारी दिइएको छ । जस अन्तर्गत प्रयोगकर्ताले आपतकालीन अवस्थामा आफूले चाहेका तीन एनसेल नम्बरहरुमा आपतकालीन सन्देश पठाउन सक्ने बताइएको छ ।

उक्त सिम प्रयोगकर्ताले एस्ट्रिक्स १७१८० ह्यास डायल गर्ने बित्तिकै आफूले छानेका तीन नम्बरहरुमा पूर्व निर्धारित आपतकालीन सन्देश 'अर्जेन्ट आइ निड हेल्प प्लीज कल' एसएमएस आपतकालीन सन्देशका रुपमा गो सिम प्रयोगकर्ताको नम्बरसहित स्वतः जाने बताइएको छ । ग्राहकले यसरी आपतकालीन सन्देश प्रवाह गर्नुपर्ने तीन नम्बरहरु एस्ट्रिक्स १७१८० एस्ट्रिक्स १ ह्यास डायल गरी सजिलै राख्न, हटाउन वा परिवर्तन गर्न सक्नेछन् । यो सेवा ग्राहकले आपलकालीन अवस्थामा मात्र आवश्यक सहयोगका लागि प्रयोग गर्नुपर्ने बताइएको छ ।

थप आकर्षणका रुपमा गो सिम प्रयोग गर्ने कोही पनि महिलाले महिलाका क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरुमा महिनामा ६० मिनेटसम्म निःशुल्क कल गर्न सक्ने सुविधा रहेको छ । यसबाट महिलाहरुले आफूलाई आवश्यक परामर्श सजिलै लिन सक्ने बताइएको छ ।

यी विभिन्न आकर्षक सुविधाहरुको साथै, गो सिम प्रयोगकर्ताले डेटा, स्वास्थ्य र विभिन्न मनोरञ्जनसहितको कम्बो प्याक सुलभ दरमा प्रयोग गर्न सक्ने बताइएको छ । गो प्रयोगकर्ताले एस्ट्रिक्स १७१०४ ह्यास डायल गरी आफ्नो आवश्यकता अनुसारको प्याक सुचारु गर्न सक्ने एनसेलले बताएको छ ।

## कोभिडको महामारीमा खुद्रा सहकारीको नाफा बढ्यो

**दूधे, कात्तिक २।** शिवसताक्षी नगरको खुद्रा बचत तथा ऋण सहकारी संस्थाले निक्षेप र कर्जाको ब्याजदर परिमार्जन गर्ने भएको छ ।

संस्थाको १४औं वार्षिक साधारणसभामा अध्यक्ष नारायणप्रसाद बजगाईले निक्षेप र कर्जाको ब्याजदरमा समायोजन गर्ने प्रस्ताव प्रस्तुत गरेका हुन् । कोरोना भाइरसका कारण मुलुकको आर्थिक अवस्था दयनीय हुन थालेपछि त्यसको प्रभावमा परेका सेयर सदस्यलाई सहुलियत दिने उद्देश्यले ब्याजदर समायोजनको प्रस्ताव गरिएको अध्यक्ष बजगाईले बताए । सहकारीले कर्जामा सदस्यबाट महँगो ब्याज लिने र सदस्यलाई थोरैमात्र निक्षेपमा ब्याज दिने गरेको भन्दै आलोचना भइरहेका बेला खुद्रा बचत तथा ऋण सहकारीले ब्याजदर हेरफेरको प्रस्ताव साधरणसभा मै प्रस्तुत गरिएको उनले बताए ।

सहकारी विभागले पनि सहकारी संस्थाहरूको निक्षेप र कर्जा दुबैको ब्याजदरको सीमा तोकेको छ । निक्षेपको हकमा विभागले निक्षेप र ऋणको ब्याजदरको अन्तर वा स्प्रेड दर ६ प्रतिशतमा कायम गरेको छ । यसरी सीमा तोकिएपछि अब सहकारी संस्थाहरूले कर्जामा १४.७५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् भने निक्षेपमा बढीमा ११ प्रतिशत मात्रै ब्याज दिन पाउने छन् । अध्यक्ष बजगाईले ११ प्रतिशत निक्षेप र कर्जामा १४.७५ प्रतिशत मात्र नयाँ ब्याजदरको प्रस्ताब गरेका छन् । यसअघि कर्जामा १६ प्रतिशत र निक्षेपमा १२ प्रतिशत ब्याज सहकारीले असुल र भुक्तानी दिने गरेको थियो । ब्याजदर समायोजनको प्रस्ताव अध्यक्षले ल्याएपछि सेवाग्राही सदस्यले आर्थिक राहत महशुस गरेका छन् ।

संस्थाको साधारणसभा गरिए पनि संस्थाको १० वटा सेवाकेन्द्रबाट कात्तिक ५ गतेसम्म संस्थाको आर्थिक प्रगति प्रतिवेदन र अध्यक्षले निणायार्थ प्रस्तुत गरेका प्रस्ताव उपर सुझाव संकलन गर्ने कार्यक्रम रहेको संस्थाका व्यवस्थापक भीम लक्समले जानकारी दिए ।



संस्थाको लेखा समितिका संयोजक गोविन्द काफ्लेले प्रस्तुत गरेको लेखा प्रतिबेदनमा कूल वासलात नौ करोड ९९ लाख १६ हजार दुई सय २४ रुपैयाँ १९ पैसा रहेको छ । गत आर्थिक बर्ष २०७६/०७७ मा एक करोड ३४ लाख ६९ हजार सात सय ६६ रुपैंयाँ ८४ पैसा आम्दानी गर्दा ९८ लाख २५ हजार छ सय ८९ रुपैयाँ खर्च भएको प्रतिबेदनमा उल्लेख छ । गत वर्षको आर्थिक प्रतिबेदनलाई हेर्दा कोभिडका कारण थलिएको खुद्रा सहकारीको नाफा बढेको देखिन्छ ।

सहकारीले कोरोनाका कारण लकडाउनमा परेर आर्थिक अवस्था खस्किएका सदस्यहरुको एक लाख ८६ हजार एक सय नौ रुपैयाँ कर्जाको ब्याज छुट दिएको छ । लेखापाल लोकेश खनालका अनुसार सरकारले तोकेको तीन महिनाको ब्याज सदस्यलाई छुट दिइएको हो । कार्यक्रमका प्रमुख अतिथी शिवसताक्षी नगरपालिकाका प्रमुख चन्द्रकुमार शेर्माले संस्थाले गरेको कार्यको प्रशंसा गरेका थिए । सहकारीले नगरको कोरोना कोषमा ५१ हजार एक सय रुपैयाँ जम्मा गरेको थियो भने कनकाई नदीको कनकाई मुक्तिघाटमा स्ट्याण्डसहितको दुई हजार लिटर अटाउने खानेपानीको ट्यांकी प्रदान गरेको थियो ।

कार्यक्रममा नगद दुई हजार पाँच सय पुरस्कारसहितको सम्मान बचत र कर्जा तर्फका देवेन्द्र जबेगू, मनबहादुर कार्की, अम्बिका प्रधान र रिता देवी हजामले पाएका छन् । त्यस्तै गत वर्षको एसईईमा सामुदायिक र संस्थागत तर्फका विद्यालयबाट उत्कृष्ट जिपीए ल्याउने सदस्यका चार जना छोराछोरी सचिन राजबंशी, विद्या सिग्देल, विनिशा पाण्डे र बिशाल तामाङलाई नगद दुई हजार पाँच सयसहित सम्मान गरिएको छ । त्यस्तै ज्येष्ठ नागरिक सदस्य बृहस्पती प्रसाई, प्रेमप्रसाद ढकाल, धनकुमारी न्यौपाने र भवानीदेवी खडकालाई पनि दुई हजार पाँच सयका दरले चार जनालाई सम्मान गरिएको छ ।

त्यस्तै सञ्चालक समितिका पूर्व अध्यक्ष सन्तोषकुमार मैनाली, लेखा समितिका पूर्व संयोजक श्रीप्रसाद खरेल, सदस्य दुर्गाप्रसाद भट्टराई, दीपक गिरी, हरिकुमार थापा, आशाकुमारी तामाङलाई सम्मान गरिएको छ । सहकारीका लेखापाल लोकेश खनालले सहजीकरण गरेको कार्यक्रममा उपाध्यक्ष जापान थेवेले स्वागत गरेका थिए । कार्यक्रममा सतासीधाम बहुमुखी क्याम्पसका प्रमुख उमानाथ दाहाल र सम्मानित पूर्व अध्यक्ष सन्तोषकुमार मैनालीले बोलेका थिए ।

# भजन गायक भण्डारीले शुरु गरे कपडा व्यवसाय



**बिर्तामोड, कात्तिक २।** विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणको दर बढिरहँदा सरकारले सबै प्रकारका धार्मिक तथा सांस्कृतिक गतिविधि गर्न निषेधाज्ञा जारी गरेसँगै भजन गायकहरु मारमा परेका छन् ।

नेपालीहरुको महान पर्व दशैंको समयमा मन्दिर तथा शक्तिपीठहरुमा हुने नित्य पूजाआजा बाहेक सबै प्रकारका धार्मिक तथा सांस्कृतिक गतिविधि गर्न निषेधाज्ञा जारी गरेसँगै मन्दिर तथा शक्तिपीठहरुमा हुने नवरात्रीय धार्मिक अनुष्ठान समेत नहुँदा भजन गायकहरु झनै मारमा परेका छन् ।

कोरोनाको कहरमा गीत-संगीतको क्षेत्र धरासायी भएसँगै झापा बिर्तामोडका भजन गायक तथा संगीतकार कृष्ण भण्डारीले कपडा व्यवसाय सञ्चालन गरेका छन् । बिर्तामोडको सिटी सेन्टरमा डिका फेन्सी कलेक्सन नामक व्यवसाय सञ्चालनमा ल्याएका हुन् ।

कोरोना भाइरसको संक्रमणबाट वच्न सरकारले जारी गरेको लकडाउनले आत्मनिर्भर बन्नुपर्छ भन्ने ठूलो पाठ सिकाएको बताउँदै भजन गायक तथा संगितकार कृष्ण भण्डारीले आर्थिक उपार्जनका लागि व्यवसाय शुरु गरेको जानकारी दिए । १८ लाख रुपैयाँको लागतमा सञ्चालनमा ल्याएको डिका फेन्सी कलेक्सनमा सम्पूर्ण प्रकारका रेडिमेड तथा फेन्सी कपडा उपलब्ध हुने सञ्चालिका यसोदा गौतम भण्डारीले बताइन् ।

यसैबीच डिका फेन्सी कलेक्सनको बिहीवार उद्घाटन गरिएको छ । भजन गायक तथा संगीतकार भण्डारीका दुई जना छोरी आरोग्य भण्डारी र एन्जिना भण्डारीले वैदिक विधिपूर्वक डिका फेन्सी कलेक्सनको उद्घाटन गरेका थिए ।

कार्यक्रममा सहभागी युवा पं. कुबेर सुबेदी, भजन गायक राजु अधिकारी, तवलावादक रङ्गनाथ खनाल, साहित्यकार तुलसीप्रसाद भट्टराई लगायतले भजन गायक तथा संगीतकार भण्डारीलाई व्यवसायिक सफलताको शुभकामना दिएका थिए ।

भजन गायक तथा संगीतकारको रुपमा परिचित बिर्तामोड-४ का भजन गायक तथा संगीतकार भण्डारीले चार वटा भजन एल्बम् तथा विभिन्न गीत तथा भजनको म्युजिक भिडियो समेत निकालिसकेको बताउँदै गीत-संगीतको क्षेत्रलाई पनि निरन्तरता दिने बताए ।

# आउटफिटद्वारा १२ हजारलाई सेवा

**बिर्तामोड, कात्तिक २।** बिर्तामोडस्थित मेगा कम्प्लेक्समा रहेको आउटफिट फेसन टेक्सटायल एण्ड टेलरिङ सेन्टरले ५२ जना विपन्न वर्गका विद्यार्थीलाई निःशुल्क विद्यालय पोशाक प्रदान गरेको छ ।

स्थापनाको चौथो वर्ष पूरा गरी पाँचौ वर्षमा प्रवेश गरेको आउटफिट फेसन टेक्सटायल एण्ड टेलरिङ सेन्टरले हालसम्म १२ हजारभन्दा बढी ग्राहकलाई सेवा प्रदान गरेको सञ्चालक रमेश परियारले जानकारी दिए ।

आउटफिट फेसन टेक्सटायल एण्ड टेलरिङ सेन्टरले स्थापनाको पहिलो वर्ष मोरङको उर्लाबारीस्थित सुन्पकुवा माविमा अध्ययनरत् १० जना, दोस्रो वर्ष बिर्तामोडस्थित देवी माविमा अध्ययनरत् २५ जना र तेस्रो वर्ष बिर्तामोडको बुट्टाबारीस्थित सरस्वती माविमा अध्ययनरत् १७ जना गरी ५२ जना विपन्न वर्गका विद्यार्थीलाई निःशुल्क विद्यालय पोशाक प्रदान गरेको उनले जानकारी दिए । यस वर्ष कोरोना भाइरसको संक्रमणको त्रासका कारण विपन्न विद्यार्थीहरुलाई निःशुल्क विद्यालय पोशाक प्रदान नगरेको सञ्चालक परियारले बताए

आउटफिट फेसन टेक्सटायल एण्ड टेलरिङ सेन्टरमा लेडीज र जेन्सका सम्पूर्ण कपडाहरु पाइनुका साथै आफ्नो रोजाइ अनुसारको पहिरनहरु डिजीटल मेसिनद्वारा सिलाइ गरी ग्राहकलाई प्रदान गरिने अर्का सञ्चालक उमेश परियारले जानकारी दिए । आउटफिटले आउटफिट उपहार योजना सार्वजनिक गरेको बताइएको छ ।


## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो. ९८१५९५२४९९, ९८४१३२१४६४

## डिलर तथा होलसेल आवश्यकता

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई होलसेलर तथा डिलर चाहियो ।

कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.

९८०१४२४०१३, ९८०१४२३६४३

अर्जुनधारा-०६, झापा

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०

९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## पायल्स तथा हाडजोर्नी

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक । पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग ।

बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी

अदुवा खोला छेउ, बिर्तामोड

फोन: ०२३-५९०१६६, ९८०६०००३१३, ९८४२७१६५८८

## सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला ।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस् ।

उमेर : २६ देखि ४८ सम्म

सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस

७ बार १२ महिना सञ्चालनमा

घिमिरे अफसेट प्रेस बिर्तामोडमा

श्रुतिविसुदन उत्तरपट्टिको घर

फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

## पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

**चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट** पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

रबिन आयुर्वेदिक फार्मेसी

अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड

फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


# गौतमले पाए टिभीएस आरआर ३१० मोटरसाइकल



**बिर्तामोड, कात्तिक २।** टिभीएसको आधिकारिक वितरक जगदम्बा मोटर्सले सञ्चालन गरेको 'टिभिएस दशैंको आशा योजना' अन्तर्गत बिर्तामोड-५का गणेशप्रसाद गौतमले टिभीएस आरआर ३१० मोटरसाइकल प्राप्त गरेका छन् । उनले टिभीएस आरआर ३१० मोटरसाइकल टिभीएसको कुनै पनि मोटरसाइकल तथा स्कुटर खरिद नगरी निःशुल्क प्राप्त गरेका हुन् । बिर्तामोडको कृषिथोक बजारमा विगत नौ वर्षदेखि तरकारीको होलसेल व्यापार गर्दै आएका गौतमले टिभिएस नेपाल डटकम/दशैं www.tvsnepal.com/Dashain मा गएर अनलाइन फारम भरेर आफ्नो नाम रजिस्टर गराएका थिए ।

'टिभिएस दशैंको आशा योजना' अन्तर्गत हरेक साता टेलिभिजन र टिभिएसको फेसबुकमा प्रत्यक्ष प्रशारणमार्फत् गरिने लक्की ड्र मार्फत गौतमले उक्त मोटरसाइकल प्राप्त गरेका हुन् । टिभीएसको बिर्तामोडका लागी आधिकारिक बिक्रेता पाथीभरा अटोलिंक बिर्तामोडमा आयोजित कार्यक्रममा गौतमलाई टिभीएस आरआर ३१० मोटरसाइकलको चावी हस्तान्तरण गरिएको थियो ।

बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव तथा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारी, पाथीभरा अटोलिंकका सञ्चालक याम कार्की, जगदम्बा मोटर्सका क्षेत्रीय प्रतिनिधि तीर्थ रिजाल लगायतले गौतमलाई टिभीएस आरआर ३१० मोटरसाइकलको चावी हस्तान्तरण गरेका थिए । कार्यक्रममा टिभीएस आरआर ३१० मोटरसाइकल विजेता गौतमले आफू मोटरसाइकल किन्ने सोचमा रहे पनि पैसाको अभावमा किन्न नसकिरहेको समयमा 'टिभिएस दसैंको आशा योजना' अन्तर्गत लक्की ड्र मार्फत टिभीएस आरआर ३१० मोटरसाइकल प्राप्त गरेकोमा जगदम्बा मोटर्सलाई धन्यवाद दिएका छन् । 'टिभिएस दसैंको आशा योजना' मा सहभागिता जनाउन टिभीएसको मोटरसाइकल खरिद गरेकै हुनुपर्ने छैन । ग्राहकले टिभीएसको मोटरसाइकल किनेर वा नकिनेर पनि यो योजनाको सहभागी बन्न सक्ने कम्पनीले जनाएको छ ।

'टिभीएस दशैंको आशा' योजना अन्तर्गत टिभीएसको कुनै पनि मोटरसाइकल खरिदमा नगद छुटको रूपमा नौ हजार र स्कुटर खरिदमा सात हजार रुपैयाँ नगद छुट प्राप्त गर्न सक्नेछन् भने ५० प्रतिशत डाउन पेमेन्ट गरेर मोटरसाइकल तथा स्कुटर खरिद गर्ने ग्राहकले शून्य प्रतिशत ब्याजदरमा खरिद गर्न सक्नेछन् । यी दुईमध्ये कुनै एक स्किम ग्राहकले छनोट गर्न पाउने सुविधा कम्पनीले दिएको जनाएको छ ।

बम्पर उपहारका रूपमा हरेक साता एकजनाले जित्न सक्ने आरआर ३१० टिभीएसकै सबैभन्दा महँगो मोटरसाइकल रहेको जगदम्बा मोटर्सले जनाएको छ । हरेक साता हुने लक्की ड्रमा भाग लिन चाहने जो कोहीले टिभीएसको वेबसाइटमा गएर फाराम भर्नुपर्नेछ । जसमा मोटरसाइकल नकिन्नेले पनि आफ्नो नाम रजिस्टर गर्न सक्नेछन् भने आरआर ३१० जित्ने अवसर पाउने कम्पनीले जनाएको छ ।








ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ । जटिल कामले लोभ्याउनेछ, तर खर्च पनि उत्तिकै लाग्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पाउमा चोटपटक लाग्न सक्छ । परिश्रमका तुलनामा प्रतिफल कम देखिनेछ । बलजफ्तीले पनि काम बिग्रन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** देश-विदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ । छर-छिमेकमा असमझदारी देखिएला । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** मनग्गे धन आर्जन हुनेछ र विभिन्न स्रोत-साधन जुट्नेछन् । आँटले काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल हातलागी हुनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सट्टापट्टा, लेनदेन आदिमा फाइदा हुनेछ । मेहनतले लक्ष्यमा पुऱ्याउनेछ । व्यापारमा थन्किएका वस्तु बिक्री हुनेछन् र अड्किएको रकम उठ्नेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** पुरुषार्थी काम प्रारम्भ हुनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** भेटघाटले काममा उत्साह बढाउनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । मान-सम्मान प्राप्त होला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ होला । प्रतिष्ठित कामले धेरैको मन जित्न सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** शारीरिक कमजोरीले चिन्ता बढाउन सक्छ। बाध्यताले अलमल्याउन सक्छ। अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ। काम पूरा नभए पनि दोहोऱ्याएर प्रयत्न गर्दा केही लाभ हुन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सामुदायिक जिम्मेवारी वहन गर्ने समय छ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ।